**प्रेस बिज्ञप्ती**

बिगत केही दिन यता खासगरी २०८२।०७।२२ गते यस कम्पनीसँग सम्बन्धित भनि प्रकाशित विभिन्न समाचार र प्रकाशित प्रेस बक्तव्यप्रति यस कम्पनीको गम्भीर ध्यान आकृष्ट भएको छ । नेपाल ट्रष्टको कार्यालयसँग कानूनी प्रक्रिया पुरा गरी मिति २०७४।२।१४ मा लिजमा लिएको काठमाडौं महानगरपालिका वडा नम्बर १ दरवारमार्गस्थित नेपाल ट्रष्टको नाममा रहेको जग्गा, सो मा यस कम्पनीले बनाएको भवन, लिज रकम, लिज अवधि, लिज क्षेत्रफल लगायतका विषयमा भाम्रक, कपोकल्पित र प्रचलित कानुनको वर्खिलाप हुने गरी प्रकाशित समाचार र सूचनाहरुप्रति यस कम्पनीको आपत्ति रहेको छ । यस किसिमका समाचार र सूचनाले समाजमा भ्रम सिर्जना हुने र यसबाट कानूनी राज्यको बर्खिलाफ भएको हाम्रो धारणा रहेको छ। यस्ता गतिविधिले असल व्यवसायीलाई गरिखान असहज अवस्था सिर्जना हुन पुगेको छ। यसप्रति सचेत हुन र कानुनी राज्यप्रति संवेदनशील हुन र सम्मान गर्न सम्बन्धित सबैप्रति हामी सार्वजनिक अपिल गर्न चाहन्छौं ।

नेपाल ट्रष्टको कार्यालयबाट मिति २०७३।०३।१४ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित लिज प्रस्ताव आह्वानको सूचना बमोजिम यस कम्पनीले टेण्डर प्रक्रियामा सरिक भई रु.१,५९,४०,५२,००४।६० (जग्गाको हकमा रु.१,४०,१०,८६,०७७- र भवन निर्माणको हकमा रु.१९,२९,६५,९२७।६०) तिर्ने प्रस्ताव गरी तोकिएका सम्पूर्ण शर्तहरु पुरा गरी दरवारमार्गस्थित नेपाल ट्रष्टको नाममा रहेको जग्गा निर्माण अवधिको ३ वर्ष सहित जम्मा ३० वर्षको लागि लिजमा प्राप्त गरेको व्यहोरा सर्वविदितै छ । लिज प्राप्त गरी कोभिड-१९ को विषम परिस्थितिमा पनि यस कम्पनीले उक्त जग्गामा सम्झौतामा उल्लेखित निर्माण अवधिभित्रै भवन निर्माण गरी संचालनमा ल्याई सोही मितिदेखि लिज वापतको रकम भुक्तानी गर्दै आईरहेको व्यहोरा जानकारी गराउन चाहन्छौं । पुनश्चः यस कम्पनीले रु.१९,२९,६५,९२७।६० को लागतमा भवन निर्माण गर्ने भनि प्रस्ताव गरिएता पनि भवन निर्माण गर्दै जाँदा उक्त भवनको लागत रु.४० करोड भन्दा बढी परेको र जग्गाको लिज वापत हालसम्म २१ करोड भन्दा बढी रकम यस कम्पनीले नेपाल ट्रष्टको कार्यालयलाई भुक्तानी गरिसकिएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

समाचारमा प्रकाशित गरिए जसरी यस कम्पनीले अनाधिकृत रुपमा सरकारी जग्गा कहिल्यै पनि प्रयोग गरेको छैन । यस्ता कुरा भ्रामक र कपोकल्पित रहेको हामी यसै बिज्ञप्तीमार्फत स्पष्ट पार्न चाहन्छौं । यस कम्पनीले कित्ता नं. ४६०६ मा मात्रै भवन निर्माण गरेको र अनाधिकृत रुपमा प्रयोग गरिएको भनिएको कित्ता नं. ४६०५ मा कुनै संरचना निर्माण गरिएको छैन, साविक झै बाटोकै रुपमा कायम रहेको व्यहोरा जानकारी गराउँछौं ।

लिज रकम रु.६ अर्ब भनेर जसरी प्रसारित गरिएको छ, यस कुरामा कुनै सत्यता छैन । महालेखा परीक्षकको कार्यालयबाट औंल्याईएको भनिएको यो बिषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटसमेत अनुसन्धान भई मिति २०७५ माघ २८ गतेको आयोगको निर्णय अनुसार निरूपण भइसकेको र यसै विषयमा सम्मानित उच्च अदालत पाटनमा मुद्दा परि उक्त मुद्दामा समेत फैसला भई न्याय निरुपण भइसकेको हामी सार्वजनिक अपिल गर्न चाहन्छौं । हालसम्म उक्त फैसला बिरुद्ध माथिल्लो निकायमा पुनरावेदन नपरेको अवस्था रहेकोमा फैसलाको बिरुद्ध पटक पटक भ्रामक समाचार संप्रेषण गर्नु सम्मानित अदालतको समेत अवहेलना हो भन्ने हाम्रो बुझाई छ ।

THAMSERKU TREKKING (P) LTD. NEPAL

यस कम्पनीले कुनै बदनियत राखेको भए Tender प्रक्रियामा आफू भन्दा Second Lowest Bidder को Bid Value रु.६२,२४,५८,८१६।- छ भनी जान्दा जान्दै रु.१,५९,४०,५२,००४।६० नै दिन्छु भनेर सम्झौता गर्नु पर्ने अवस्था कसरी आउथ्यो होला ? साथै Third Lowest Bidder को Bid Value रु.२६,२८,००,०००।- मात्रै थियो । बदनियत भएको भए Second Lowest Bidder भन्दा २-४ करोड मात्रै बढाउदा पनि यस कम्पनीले नै Lease प्राप्त गर्ने अवस्था थियो । तर त्यसो नगरी आफूले Bid गरेको Tender Price रु.१,५९,४०,५२,००४।६० (जग्गाको हकमा रु.१,४०,१०,८६,०७७- र भवन निर्माणको हकमा रु.१९,२९,६५,९२७।६०) नै कायम गरी सम्झौता गरिएको व्यहोरा आम सर्वसाधारण समक्ष अनुरोध गर्दछौं । पुनश्चः ६ अर्ब रुपैयाँमा आजको मितिमा समेत दरवारमार्ग क्षेत्रमा ३० आना जग्गा खरिद नै गर्न सकिने अवस्थामा ३० आना जग्गा प्रयोग वापत मात्रै ६ अर्व तिर्न कोही मञ्जुर हुन सक्ला ? साथै यसै आधारमा हिसाब गर्ने हो भने जग्गाको मात्रै भाडा प्रति वर्ग फिट प्रति महिना रु.१५००।- भन्दा बढी नै पर्न आउने देखिन्छ, के यो आजको स्थितिमा चलन चल्तीको भाडा दर हो ?

अतः पटक पटक प्रकाशित हुँदै आएका यस्ता भ्रामक, कपोकल्पित र विद्यमान कानुनी मान्यता विपरितका समाचारहरूप्रति भ्रममा नपर्नु हुन हामी सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं । साथै यस्ता क्रियाकपालले कानुनी राज्यको खिल्ली उडाएको छ । आजको अवस्थामा यस्ता समाचार र गतिविधिले पवित्र भावले मुलुकको हित चिताई राज्यलाई धेरै कर तिर्ने, धेरै रोजगारी सिर्जना गर्ने र समग्रमा राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याईरहेको निजी क्षेत्रलाई निरूत्साही र अपमान गरिरहेको छ भन्ने हाम्रो ठम्याई छ । साथै यस्ता कुनै पनि प्रकारका हर्कत र व्यवहारप्रति सचेत हुन हामी सबै प्रति अपिल गर्दछौं ।

THAMSERKU TREKKING (P) LTD. NEPAL

ल्हाक्पा सोनाम शेर्पा
अध्यक्ष
थामसर्कु ट्रेकिङ्ग प्रा.लि.

मिति : २०८२।०७।२३